**भारतीय राजदूतावास**

**काठमाडौं**

## प्रेस विज्ञप्ति

## बागलुङमा स्वास्थ्य चौकीको शिलान्यास समारोह

नेपालको गण्डकी प्रदेशको बागलुङको बडिगाड गाउँपालिका-७ मा भिमगिठे स्वास्थ्य चौकीको निर्माणका लागि आज बडिगाड गाउँपालिकाका अध्यक्ष श्री गण्डकी थापा अधिकारी र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री अजय कुमार सिंहले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु. २.५ करोडमा यो स्वास्थ्य चौकीको निर्माण हुन लागेको हो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना बागलुङको बडिगाड गाउँपालिकामार्फत कार्यान्वयन गरिनेछ ।

३. बडिगाड गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र नयाँ संरचनाले बडिगाड गाउँपालिकामा स्वास्थ्य सेवाको पहुँचमा सुधार ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं

२०८३ वैशाख ३